# राष्ट्रिय मानव अधिकार आयोग

जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र समृद्धिको आधार

## मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलनबाट जारी घोषणापत्र, २०७९

२०७९ असार ९ र १०, ललितपुर, नेपाल

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८; नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६; आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६; मानव अधिकार रक्षक सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९९८; राष्ट्रिय मानव अधिकार आयोगबाट जारी मानव अधिकार रक्षकसम्बन्धी मार्गनिर्देशिका, २०६९; अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी निर्देशिका, २०७५; नेपाल सरकारको मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ नेपाल पक्ष राष्ट्र भएका विभिन्न मानव अधिकारका दस्तावेज तथा प्रतिवद्धता मार्फत प्रत्याभुत गरिएका मानव अधिकार रक्षकहरुका अधिकारको संरक्षण, सम्बर्द्धन तथा सुरक्षामा जोड दिँदै,

नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्राप्तिका लागि भएका अभियानबाट संरक्षित लोकतान्त्रिक मूल्य मान्यता, विधिको शासन, मानव अधिकारका सर्वमान्य सिद्धान्त, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले प्रत्याभूत गरेका अधिकारप्रति प्रतिवद्ध हुँदै,

आयोगद्धारा यस राष्ट्रिय सम्मेलन पूर्व नेपालका सातै प्रदेशमा सम्पन्न मानव अधिकार रक्षकहरुको प्रादेशिक सम्मेलनद्वारा जारी घोषणापत्र तथा प्रतिवद्धतापत्रहरुलाई सम्बोधन तथा कार्यान्वयनसमेतमा प्रतिवद्धता व्यक्त गर्दै,

मानव अधिकार रक्षकहरुका अभिलेखीकरण, पहिचान, स्वीकार्यता, सुरक्षा, संरक्षण र चुनौती उपाय तथा मानव अधिकार रक्षकको सुरक्षाका लागि राष्ट्रिय संयन्त्रको आवश्यकता, मानव अधिकार रक्षकको संरक्षण, सम्बर्द्धन तथा सुरक्षामा राष्ट्रिय मानव अधिकार संस्थाको भूमिका उपर छलफल हुँदा मानव अधिकार रक्षकहरुको पहिचान र सुरक्षा सम्बन्धी एकीकृत कानूनी व्यवस्था र प्रभावकारी संयन्त्र निर्माणमा जोड दिँदै,

मानव अधिकार रक्षकहरुको क्षमता सवलीकरण समेतमा राज्यको भूमिका थप प्रभावकारी बनाउन र विषयगत मानव अधिकार रक्षकहरु बीचमा प्रभावकारी समन्वय र सहकार्यलाई सुदृढ गर्न अधिकारको सुनिश्चितता गर्दै,

मानव अधिकार रक्षकहरुको आर्थिक तथा सामाजिक सुरक्षाको प्रभावकारी प्रबन्ध गर्न मानव अधिकार रक्षकहरुको खण्डीकृत तथ्याङ्क राख्ने व्यवस्था गर्दै नेपाल सरकारको मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सन्दर्भमा संघीय, प्रदेश र स्थानीय तहमा गठन हुने संयन्त्रले मानव अधिकार रक्षकका सवाल प्राथमिकता दिई समावेश गर्ने स्पष्ट व्यवस्थाको प्रबन्धमा जोड दिँदै,

मानव अधिकार रक्षकहरु भित्रको विविधता, लैङ्गिकता तथा समावेशीताको सिद्धान्तलाई अवलम्बन गर्दै

मानव अधिकार रक्षकको सूचीसहितको आवधिक प्रतिवेदन प्रकाशन गर्न तथा राष्ट्रिय मानव अधिकार आयोगबाट जारी भएको मानव अधिकार रक्षक सम्बन्धी मार्ग निर्देशिकामा उल्लेख भए बमोजिमको आचरणको पालना गर्न आह्वान गर्दै,

जावलाखेल, ललितपुर नेपालमा २०७९ असार ९ र १० गते सम्पन्न मानव अधिकार रक्षकहरुको राष्ट्रिय सम्मेलन एवं विगतमा राष्ट्रिय मानव अधिकार आयोगद्धारा सम्पन्न गरिएका पहिलो र दोस्रो सम्मेलनबाट जारी घोषणापत्रहरुलाई स्मरण गर्दै यो राष्ट्रिय सम्मेलनले तपसिल बमोजिमको घोषणापत्र जारी गर्दछ ।

१. मानव अधिकार रक्षकहरुको परिभाषा तथा परिचयपत्रसहितको पहिचान, मर्यादा, सम्मान र सुरक्षा तथा अधिकार र उत्तरदायित्वका लागि एकीकृत कानून हालसम्म तर्जुमा नभएको सन्दर्भमा सरोकारवालाको परामर्शमा संयन्त्रसहित एकीकृत कानून तर्जुमा गरी लागु गर्न,

२. मानव अधिकार रक्षक सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९९८; आयोगले जारी गरेको मानव अधिकार रक्षकसम्बन्धी मार्ग निर्देशिका, २०६९ अनुसार मानव अधिकारको सम्मान, संरक्षण तथा सम्बर्द्धनका लागि व्यक्तिगत, सामूहिक वा संस्थागत तवरले वैतनिक वा अवैतनिक रुपमा भूमिका निर्वाह गर्ने विषयगत मानव अधिकार रक्षकसमेतको भूमिकालाई सम्मान गर्दै मानव अधिकार रक्षकहरुलाई राज्यका संयन्त्रबाट प्रभावकारी सुरक्षा र संरक्षणको सुनिश्चित गर्न,

३. विद्युतीय सूचना प्रणालीको विकास गरी मानव अधिकार रक्षकलाई आवश्यक पर्ने सूचना, तथ्याङ्क सम्बन्धित निकायबाट सहज पहुँच पुग्नेगरी उपलब्ध हुने वातावरण निर्माण तथा सूचनाको हक सम्बन्धी कानूनको पूर्ण कार्यान्वयन गर्न,

४. मानव अधिकार रक्षकहरुको खण्डीकृत अद्यावधिक तथ्याङ्क राखी उनीहरुका क्षमता सवलीकरणमा जोड दिदै व्यवसायिक वनाउनका लागि नियमितरुपमा क्षमता अभिवृद्धि गर्ने प्रवन्ध स्थानीय तहसम्म विकास गर्न,

५. नेपाल सरकारले जारी गरेको मानव अधिकार राष्ट्रिय कार्ययोजना अनुरुप समन्वय समिति गठन गर्दा प्रदेश, जिल्ला र स्थानीय समितिमा मानव अधिकार रक्षकहरुको उचित प्रतिनिधित्व सुनिश्चित गर्दै, स्वास्थ्य उपचार, वीमा लगायत सामाजिक सुरक्षाको सुनिश्चिता गर्न मानव अधिकार रक्षकसम्बनधी कार्ययोजना निर्माण गरी मानव अधिकार संरक्षण र सम्बर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याउने मानव अधिकार रक्षकहरुलाई प्रोत्साहन, कदर तथा सम्मानको व्यवस्था गर्न,

६. सीमान्तकृत अवस्थामा रहेका दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, मुक्तकमैया, मुक्तहलिया, मुक्तकमलरी, लैङ्गिक तथा यौनिक अल्पसख्यक, बालबालिका, महिला, एकल महिला, युवा, ज्येष्ठ नागरिक, द्वन्द पीडित अपांगता भएका व्यक्तिको अधिकार र पिछडिएको क्षेत्र लगायतमा कार्यरत मानव अधिकार रक्षकहरुको विशेष संरक्षण गर्न,

७. आप्रवासी कामदारको अधिकार, उपभोक्ता अधिकार, अविभेद (जस्तै छुवाछुत तथा जातिय विभेद) व्यवसाय र मानव अधिकार, विपद् तथा जलवायु परिवर्तन, जल, जमिन, वन, विकास तथा वातावरण संरक्षणको क्षेत्र लगायतमा कार्यरत मानव अधिकार रक्षकहरुको संरक्षणका लागि विशेष कार्यक्रम बनाई लागू गर्न,

८. मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिसम्बन्धी दायित्व निर्वाह गर्दै मौलिक हक कार्यान्वयनका लागि प्रदेश तथा प्रत्येक स्थानीय तहमा मानव अधिकार विशिष्टीकृत शाखाको अनिवार्य व्यवस्था गर्न,

९. मानव अधिकारको प्रभावकारी संरक्षण गर्ने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगसहित विषयगत आयोगका सवलीकरण, सर्वोच्च अदालतबाट भएका फैसला, आदेश र राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न,

१०. संघीय, प्रादेशिक तथा स्थानीय तहमा मानव अधिकार रक्षकहरुको सञ्जालीकरण गर्दै संरक्षणका लागि उद्धार संयन्त्रको विकास गरी उद्धार कोषको व्यवस्थापन गर्न,

११. जवाफदेही लोकतन्त्रको प्रत्याभूतिका लागि विगतमा भएका सशस्त्र द्वन्द तथा आन्दोलनका क्रममा मानव अधिकार रक्षकमाथि भएका हत्या, वेपत्ता, अपहरण, यातना, तथा अन्य अमानवीय व्यवहारहरु लगायतको उचित अनुसन्धान गरी पीडकलाई कारबाही, पीडित तथा पीडित परिवारलाई क्षतिपूर्ति तथा परिपूरण व्यवस्था गरी दण्डहीनताको अन्त्य गर्न,

मुलुकभरका मानव अधिकार रक्षकहरुलाई भेला गराई राष्ट्रिय सम्मेलन आयोजना गरेकोमा राष्ट्रिय मानव अधिकार आयोगलाई धन्यवाद दिँदै सरोकारवालाहरुको सहकार्य तथा समन्वयमा आगामी दुई दुई वर्षमा प्रादेशिक तथा राष्ट्रिय सम्मेलन आयोजना गर्न अनुरोध गर्दछौँ ।